# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन भएको मिति २०७८/११/४

यस वित्तीय संस्थाको लागि करार सेवामा तपसिल अनुसारको जनशक्ति आवश्यक भएको हुँदा देहायबमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरू, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचामा यो सूचना प्रकाशित मितिले ७ दिन भित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा वा यस वित्तीय संस्थाको **email : hr@skbbl.com.np** मा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | पद | पद संख्या | अवधि | सुविधा | स्थान | योग्यता र कार्यानुभव | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| १ | फिल्ड प्रशिक्षक (Field Trainer) | १ | २०७९ असार मसान्तसम्म | संस्थाको नियमानुसार | समृद्धि आयोजना कार्यान्वयनमा रहेका प्रदेश १ र प्रदेश २ का जिल्लाहरू। | (क) व्यवस्थापन (BBA/BBS), अर्थशास्त्र, सामाजिक विज्ञान, कृषि विज्ञान तथा अन्य सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी लघुवित्त/सहकारी क्षेत्रको सञ्चालन र व्यवस्थापनमा १ वर्षको अनुभव वा उल्लिखित विषयमा प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई उत्तीर्ण गरी लघुवित्त/सहकारी क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव भएको।<br>(ख) दुर्गम तथा विकट क्षेत्रमा रही काम गर्न तत्पर। | दरखास्त दिने अन्तिम मितिसम्म ५० वर्ष ननाघेको। |

**विदा सुविधा :** (१) सम्झौता अवधिसम्म सञ्चित हुने र सञ्चित विदा वापतको कुनै वित्तीय सुबिधा नहुने गरी मासिक १ दिन भैपरी आउने विदा र मासिक १ दिन विरामी विदा पाउने।
**बीमा सुविधा :** सम्झौता/सेवा अवधि कायम रहेसम्म लागु हुने गरी रु. २० लाखसम्मको दुर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा गरिनेछ।

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ। वैयक्तिक विवरण (दरखास्त फाराम) यस वित्तीय संस्थाको Website: http://www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेको तथा तोकिएको समयभन्दा पछि प्राप्त हुने आवेदन माथि कुनै कारवाही हुने छैन। छनौट सूचिमा परेका उम्मेद्वारहरूलाई मात्र अन्तरवार्ताका लागि सूचित गरिनेछ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाण्डौ।